# सूर्यविनायक–धुलिखेल सडक निर्माण कामलाई तिव्रता दिन मन्त्री घिसिङको आग्रह



काठमाडौं(जस)-भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक विस्तारको समग्र प्रगति ५० प्रतिशत पुगेको छ । अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक–धुलिखेल खण्ड १५.८ किलोमिटर सडकलाई ६ लेनमा विस्तार गर्न दुई प्याकेजमा विभाजन गरी काम भइरहेको छ । यसअन्तर्गत सूर्यविनायकदेखि साँगासम्मको ८.३ किलोमिटर खण्डको प्रगति ४५ प्रतिशत रहेको छ। साँगादेखि धुलिखेलसम्मको ७.५ किलोमिटर सडक खण्ड विस्तार प्रगति ५५ प्रतिशत रहेको छ। हाल दुवै प्याकेजको निर्माण धमाधम भइरहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले सूर्यविनायक-धुलिखेल सडक विस्तारको अनुगमन गरी निर्माण प्रगतिबारे जानकारी लिएका छन्। निर्माण प्रगति, समस्यालगायतका विषयमा सडक विभागका महानिर्देशक, आयोजना प्रमुख, निर्माण व्यवसायीसँग छलफल गरी मन्त्री घिसिङलले काम गर्ने अहिले अहिले उपयुक्त मौसम रहेकाले निर्माणलाई तिब्रता दिन आग्रह गरे । उनले आयोजनातर्फबाट निर्णय गर्न बाँकी विषय भए ती विषयमा तत्काल निर्णय गर्न, जनशक्ति र उपकरण थप गरी निर्माणमा पूर्णरूपमा परिचालित भई आगामी असारभित्रमा सडक विस्तार सम्पन्न गर्ने गरी काम गर्न आग्रह गरे । अर्थ मन्त्रालयबाट प्रतिबद्धता जनाइसकेकाले अब आयोजना निर्माणमा बजेट अभाव नहुने उनले उल्लेख गरे ।

सडक सीमा विवाद, घरटहरा हटाउने समस्या, बजेटको अभावलगायतका कारणले आयोजनाको निर्माण कार्य प्रभावित भएको थियो । आयोजनाका लागि चालु आर्थिक वर्षमा ७० करोड रुपैयाँ मात्र विनियोजन गरिएको छ । आयोजनाले करिब ४ अर्ब रुपैयाँ थप बजेट माग गरेको छ । मन्त्री घिसिङले बनेपा नगरपालिकाका प्रमुखसँग छलफल गरी बनेपा बजार क्षेत्रमा सडक विस्तारमा देखिएको समस्या समाधानका लागि आवश्यक सहयोग र सहजीकरण गरिदिन पनि आग्रह गरे । प्याकेजमा टेवा पर्खाल तथा नाली निर्माण प्रगति ९५ प्रतिशत रहेको छ । साँगा–धुलिखेल खण्डको करिब २ किलोमिटर सडक कालोपत्रे गरिएको छ ।

# नेपाल-भारतको धार्मिक पर्यटनको अभिवृद्धि गर्न विभिन्न निकायबीच सहकार्य




काठमाडौं(जस)-विश्व हिन्दू महासंघले नेपाल-भारतको धार्मिक पर्यटनको अभिवृद्धि गर्न नेपाल पर्यटन बोर्ड, नेपाल ट्राभल्स अपरेटर्स विश्व हिन्दु महासंघ बिच सहकार्य गर्ने निर्णय गरेको छ । आइतबार पत्रकार सम्मेलनमार्फत विश्व हिन्दू महासंघको हालै भारतको उत्तर प्रदेशको गोरखपुरमा आयोजना भएको हिन्दू सम्मेलन र महासंघको अन्तर्राष्ट्रिय समितिको बैठकका निर्णयहरु सार्वजानिक गर्दै धार्मिक तिर्थस्थलको प्रचारप्रसार र धार्मिक पर्यटक तिर्थालुहरुको प्रवर्धन गर्न नेपाल पर्यटन बोर्ड, नेपाल ट्राभल्स अपरेटर्स विश्व हिन्दु महासंघ बिच सहकार्य गर्ने निर्णय भएको संघले जानकारी गराएको हो ।

हिन्दू सम्मेलन र महासंघको अन्तर्राष्ट्रिय समितिको बैठकका निर्णयहरु यस्ता छन् : १. नेपालको हिन्दू अधिराज्यको पहिचानलाई पुनः कायम गर्नका लागि विश्व हिन्दु महासंघ नेपालले गरेको प्रस्तावमा भारत च्याप्टरले समर्थन जनाएको छ । नेपाल राष्ट्रिय समितिका निमित्त सभापति अरुण कुमार पाण्डेले प्रस्ताव पढेर पेस गरिएको थियो । भारत च्याप्टरका महामन्त्री योगी बचन सिंह जीले उक्त प्रस्ताव माथी समर्थन जनाउँदै अन्य मुलुकहरुलाई पनि नेपाललाई हिन्दु अधिराज्य बनाउने विषयमा लिखितरुपमा समर्थन जनाउन अनुरोध गरे । नेपाल, थाइल्यान्ड, अस्ट्रेलिया लगायतका देशहरुले राष्ट्रियस्तरका साथ साथै एजेन्डामा समर्थन गर्दै संसारभरका सबै हिन्दु अधिराज्यको पहिचानलाई कायम राख्न संसार भरिका वैदिक सनातनीहरु एकजुट हुने र अन्तर ाष्ट्रिय स्तरमा जनमत, मन, धन एवम् तन, वचन र कर्मले सहयोग गर्ने निर्णय भयो ।

२. नेपाल-भारतको धार्मिक पर्यटनको अभिवृद्धि गर्ने विषयमा नेपाल पर्यटन बोर्ड, नेपाल ट्राभल्स अपरेटर्स विश्व हिन्दु महासंघ बिच सहकार्य गर्ने निर्णय भयो । धार्मिक तिर्थस्थलको प्रचारप्रसार र धार्मिक पर्यटक तिर्थालुहरुको प्रवर्धन एवम् सम्बर्धन गर्न सके मात्र सनातन संस्कृतीको संरक्षण हुने विषयमा सहभागी देशहरुको एकमत रह्यो र सहजीकरण गर्नका लागि महासंघका उत्तर प्रदेशका अध्यक्ष सिद्धार्थ खड्काले समन्वय गर्नु हुनेछ ।

३. हिन्दु संघ संस्थाहरुलाई सख्त र सक्षम बनाउनका लागि एक सहयोग हिन्दु बास्केट फण्ड खडा गर्ने निर्णय भयो । बास्केट फण्ड खडा गर्न विश्व हिन्दु भारत च्याप्टरको अध्यक्षतामा भारतको राजधानी दिल्लीमा निकट भविष्यमा नै हिन्दु इकोनोमिक समिट को आयोजना गर्ने निर्णय गरियो ।

उक्त बैठकमा नेपाल, भारत, थाइल्यान्ड, बेलायत एवं अस्ट्रेलिया लगायतका देशहरुको उपस्थिति रहेको थियो भने नेपाल पर्यटन बोर्ड, नाटो ल्ब्ट्इ को सहभागिता रह्यो । विश्व हिन्दु महासंघ भारत उत्तर प्रदेशको आयोजनामा सम्पन्न उक्त बैठक एवं हिन्दु सम्मेलनका प्रमुख अतिथि महामहिम गोरक्षपिठाधिश्वर एवम् उत्तर प्रदेशका माननीय मुख्य मन्त्री महामहिम योगी आदित्यनाथज्यूको मुख्य आतिथ्यतामा सम्पन्न भएको थियो ।

बैठकले भारत एवं नेपालका विभिन्न धार्मिक, साँस्कृतिक, सामाजिक स्थलहरुको एक अर्कामा समन्वय, सहकार्य एवम् जानकारी आदानप्रदान गर्ने र गराउने निर्णय गरेको छ । साथै विश्व हिन्दु महासंघको अन्तर्राष्ट्रिय सम्मेलन प्रत्येक वर्ष आयोजना गर्ने निर्णय भयो । उक्त सम्मेलनको आयोजनाको लागि महासंघको अन्तर्राष्ट्रिय अध्यक्ष डा. भानु प्रताप शुक्ल जीको संयोजकत्वमा गुरुत्वपूर्ण एवम् विशेष कार्यक्रमका साथ गर्ने निर्णय भयो ।

नेपाल-भारतको बीचमा सदियौँ देखि रहँदै आएको आर्थिक, साँस्कृतिक, धार्मिक, सामाजिक सम्बन्धलाई अझै सुमधुर र सशक्त बनाउनका लागि दुवै देशका सरकारले पहल गर्नका लागि पनि अनुरोध गर्ने निर्णय भयो । साथै विश्व हिन्दु महासंघलाई भारतको उत्तर प्रदेशको आयोजनामा सम्पन्न उक्त बैठक एवं हिन्दु सम्मेलन भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्ने निर्णय भयो ।


# मधेस प्रदेशमा ललितकला कार्यशाला

काठमाडौं(जस)-नेपाललितकला प्रज्ञा-प्रतिष्ठानले देशव्यापी रूपमा सुरु गरेको कला गतिविधि यतिबेला मधेश प्रदेश पुगेको छ । मधेश प्रदेशका विभिन्न स्थानमा गएर कलासम्बन्धी कार्यशाला सम्पन्न भएका छन् । जसमध्ये, शनिबार प्रतिष्ठानले ललितकला विषयक अन्तरक्रिया तथा एक दिवसीय भोजपुरी लोककला कार्यशाला सम्पन्न गरेको छ । त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम मावि बिर्ता वीरगञ्ज-४ पर्सामा भएको कार्यशालामा बालबालिकाको उपस्थिति थियो । अजमत प्रडक्सन, नेपाल भोजपुरी समाज वीरगञ्ज पर्सा र मैथिली विकास कोष, जनकपुरधामको सहकार्यमा गरिएको कार्यक्रममा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली' ले 'ललितकला र यसको महत्व' विषयमा प्रस्तुति दिएको थियो ।

उनले प्रतिष्ठानको उद्देश्य, गतिविधि र योजनाका विषयमा जानकारी गराउँदै प्रतिष्ठानले देशभरि गरेका चित्रकला, मूर्तिकला, लोककला, शिल्पहस्तकला, परम्परागत कला, वास्तुकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलालगायत कलाका विविध पक्षको पहिचानसँगै संरक्षण, प्रवर्द्धन र विकास गर्ने लक्ष्यका साथ गतिविधि गरिएको बताए । सो अवसरमा वास्तुकला तथा लोककला विभाग प्रमुख प्रदीप अधिकारीले भोजपुरी लोककलाको विकास, संरक्षण र प्रवर्द्धनमा स्थानीय समुदाय, पालिका, सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारको समन्वयमा कार्य गरिनुपर्ने धारणा राखे ।

प्रतिष्ठानका शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङमाङले भोजपुरी लोककलाको उन्नतिका लागि प्रतिष्ठानले कार्यक्रम आयोजना गरेको बताए । प्रतिष्ठानका प्राज्ञसभा सदस्य अजमत अलि अन्सारीले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले भोजपुरी लोककलाको विकासमा सबै पक्षको ध्यान जानुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाल भोजपुरी समाजका अध्यक्ष ध्रुवसिंह ठकुरी, वीरगञ्ज भोजपुरी प्रतिष्ठानका अध्यक्ष अनिता साह, नेपाल कमर्सियल सङ्घ वीरगञ्जका सचिव रामनरेश चौरासिया, वीरगञ्ज सङ्गीत कला परिषद्का उपाध्यक्ष शाविर हुसैनलगायतको उपस्थिति थियो । कार्यशालामा नयाँ तथा पुराना पुस्ताका ३० जना कलाकारको सहभागिता थियो ।

# हैजाविरुद्धको खोप ९० प्रतिशतलाई लगाइयो



काठमाडौँ(जस)-सरकारले बारा र पर्सामा करिब ९० प्रतिशतलाई हैजाविरुद्धको खोप लगाएको छ । दुई चरणमा सम्पन्न भएको बारामा ८८ दशमलव २५ प्रतिशत र पर्सामा ९० प्रतिशतलाई खोप लगाइएको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए । उनका अनुसार बारामा तीन लाख २२ हजार ९२६ र पर्सामा पाँच लाख ८९ हजार ३५४ जनालाई हैजाको महामारीविरुद्ध प्रतिकार्य खोप अभियानअन्तर्गत खोप लगाइएको छ ।

बारा र पर्सामा असोज २६ देखि कात्तिक २ र कात्तिक १३ देखि कात्तिक २७ गतेसम्म एक वर्षमाथिका सबैलाई हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिएको थियो । शाखा प्रमुख डा गौतमले ति दुई जिल्लामा लगाइएको हैजाविरुद्धको खोप अहिलेसम्मकै सबैभन्दा धेरै 'कभरेज' रहेको बताए । "अहिलेसम्म हैजाविरुद्धको खोप अभियानमा ७० देखि ८० प्रतिशतलाई लगाइने गरिएको थियो", उनले भने, "घरघर गएर खोप लगाएइकाले ९० प्रतिशत खोप कभरेज रह्यो ।" उनले लगाउन छुटेका १० प्रतिशतलाई नियमित खोप कार्यक्रमअन्तर्गत खोप लगाइएको जानकारी दिए । गत भदौमा बारा र पर्सामा हैजाको प्रकोप फैलिएपछि स्वास्थ्य सेवा विभागले बाराका छ र पर्साका १४ स्थानीय तहमा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरेको थियो ।

# १२औँ अन्तरराष्ट्रिय फिजियोथेरापी सम्मेलन सम्पन्न

काठमाडौँ(जस)-नेपाल फिजियोथेरापी सङ्घ (नेप्टा) द्वारा आयोजित १२औँ अन्तरराष्ट्रिय फिजियोथेरापी सम्मेलन २०२५ सम्पन्न भएको छ । यही नोभेम्बर २१ र २२ तारिख (मङ्सिर ५ र ६ गते) सम्म काठमाडौँमा दुईदिनसम्म आयोजित उक्त सम्मेलन नेपालमा आयोजित सबैभन्दा ठूलो अन्तरराष्ट्रिय फिजियोथेरापी कार्यक्रम रहेको आयोजकले जनाएको छ। सम्मेलनमा ४५० भन्दा बढी फिजियोथेरापिस्ट, पुनःस्थापना व्यवसायी, चिकित्सक तथा स्वास्थ्यकर्मीको सहभागिता थियो । सङ्घका अध्यक्ष समिद कतिला श्रेष्ठले सम्मेलनको मुख्य उद्देश्य नसर्ने रोगको रोकथाम, नियन्त्रण, जनचेतना र पुनःस्थापनामा विभिन्न स्वास्थ्यसम्बन्धी सरोकार भएकाहरूबीच समन्वय र सहकार्य गर्नु रहेको बताइन। उनले सम्मेलनमा स्ट्रोक तथा न्यूरोलोजिकल समस्या, कम्मर दुखाइ/अर्थोपेडिक समस्या, मुटुसम्बन्धी रोगहरू, क्यान्सर रोगीको पुनःस्थापनालगायत नसर्ने रोगहरूसम्बन्धी कार्यशाला, समूहगत छलफल र वैज्ञानिक प्रस्तुतीकरण गरिएको जानकारी गराइन ।

# साहित्य सन्ध्याको ४७० औँ शृङ्खला : परिचर्चा र काव्यगोष्ठी

काठमाडौँ(जस)-साहित्य सन्ध्याको मासिक रुपमा हुने ४७०औँ शृङ्खलामा 'नेपाली प्रगतिशील साहित्यमा ज्येष्ठ नागरिकको योगदान' र 'साहित्यमा एआईको प्रयोग' विषयमा परिचर्चाका साथै विशेष कविगोष्ठीको आयोजना गरिएको छ। भर्चुअलरूपमा सम्पन्न कार्यक्रममा प्रा डा मुकेश चालिसेले पाका नागरिकलाई बुढाबुढी भन्ने, हेलाँहोचो गर्ने र हिजोका मान्यतालाई निस्तेज गर्ने र ज्येष्ठ नागरिक भनेका अनुत्पादक हुन् भन्ने सोच प्रगतिशील हुन नसक्ने बताए ।

उनले वरिष्ठ साहित्यकारहरू गोकुल जोशी, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, श्यामप्रसाद शर्मा, शान्तदास, केवलपुरे किसान, नेत्रलाल अभागी आदिले दार्शनिक विचारमार्फत् समाज रूपान्तरणका लागि योगदान दिएको स्मरण गरे ।

'साहित्यमा एआईको प्रयोग' विषयमा चर्चा गर्दै सञ्चारकर्मी अजय शर्माले एआईले लामो कथा पनि सम्झने तथा शैली पनि ग्रहण गर्ने भए पनि सिर्जनात्मक मान्छेले नै लेखेको जस्तो चाहिँ हुन नसक्ने टिप्पणी गरे । कार्यक्रममा डम्बर पहाडी, विन्दु अधिकारी ढकाल, डा.कृष्ण सुवेदी, महेशराज खरेल, डा.राजेन्द्रप्रसाद अधिकारी, कृष्ण बाउसे, जयन्ती स्पन्दन, रामचन्द्र दाहाल, कुमार नेपाल, ओमप्रसाद कोइराला, गोपालकुमार मैनाली, डा.रामहरि लम्साल, दुर्गाप्रसाद अधिकारी भमरकोटे र त्रिलोचन जोशीले राचना वाचन गरेका थिए ।वाचित रचनामाथि समीक्षा प्रस्तुत गर्दै साहित्यकार एवं पत्रकार यशोदा अधिकारीले कवितामा श्रम, पर्यावरण र समसामयिक राजनीतिक विषयसँग सम्बन्धित सृजनाहरूले हालैको जेनजी आन्दोलनलगायत विषयलाई सम्बोधन गरिएको बताए ।


## Kalika Municipality
## Office Of Municipal Executive

Redcrossgram, Chitwan

### INVITATION FOR BIDS

**First date of publication: - 2082-08-08 (24th November, 2025)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Key Qualifications | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 14/Works/NCB/ KM/2082/083 | **Thang Khola River Training Management Works** | • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 24.61 Million.** • Minimum Work experience of similar size and nature: One Contracts & value of the project not less than **NRs 9.85 Million** | 120 days from the date of Bid opening. **(Up to 2083-01-10 (23rd April, 2026).** | **7,30,000.00** | **5,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on **2082-09-09 (24th December, 2025).**

Bids Opening Date: At 13:00 PM on **2082-09-09 (24th December, 2025).**

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**